उत्तरगया गाउँपालिका, गाउँ कार्यपालिकाद्धारा स्वीकृत मिति : २०८१।०७।२६

यस गाउँपालिका र गाउँपालिका अन्तर्गतका विद्यालय, सिकाइ केन्द्र/शैक्षिक संस्थाहरु र युवा तथा खेलकुद सँग सम्बन्धि संघ संस्थाहरुबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित

# कार्यक्रम कार्यान्वयन मार्गदर्शन

## (स्थानीय सरकारको कार्यक्रमहरुको मात्र)

आर्थिक वर्ष २०८१/०८२

उत्तरगया गाउँपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

खाल्टे, रसुवा

## हाम्रो भनाइ

विद्यालय शिक्षा क्षेत्रमा विद्यमान शिक्षा नीति तथा कार्यक्रमहरु शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकिय क्षमतामा अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरु हाँसिल गर्ने तर्फ लक्षित छन् । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरेको छ भने आधारभुत शिक्षा अनिवार्य र निशुल्क हुने तथा माध्यमिक शिक्षा निशुल्क हुने व्यवस्था गरेको छ । यहि पृष्ठभुमीमा उत्तरगया गाउँपालिकाले गाउँशिक्षा योजना नै निर्माण गरी कार्यान्वयन गरिराखेको छ । कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुको विगतका वर्षहरुका उपलब्धि र कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतिहरुबाट सिकिएका पाठका आधारमा तयार पारिएको उक्त स्वीकृत कार्यक्रमका निर्दिष्ट लक्ष्यहरुलाई समयमै प्राप्त गर्न तथा कार्यक्रम कार्यान्वयनमा एकरुपता कायम गर्न र कार्यक्रमहरुको भौतिक तथा वित्तिय प्रगति अपेक्षाकृत र प्रभावकारी बनाउन कार्यक्रम कार्यान्वयन पुस्तिका विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।

आ व २०८१/०८२ मा बालविकास केन्द्र तथा प्रारम्भिक बालविकासका बालबालिकाहरुका लागि शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक र सृजनात्मक विकास मात्र नभई सर्वाङ्गिण विकासमा सहयोग गर्ने गरी विद्यालय शिक्षाको जग बलियो बनाउने योजनाअनुरुप यस गाउँपालिका भित्रका सबै वालविकास केन्द्रहरुलाई व्यवस्थित र प्रविधि तथा बालमैत्री बनाउने कार्यक्रम ल्याइएको छ । यस गाउँपालिका भित्रका विकट भौगोलिक कठिनाइका क्षेत्रहरुमा काम गर्ने शिक्षकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम, इसिडि तथा सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता, विद्यालय सहायक र विद्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारको अनुदानमा थप गरी न्युनतम १५ हजार पारिश्रमिक पुर्याउने योजनाको कार्यान्वयन गरिएको छ । अतिरिक्त क्रियाकलापको सञ्चालन, युवाहरुको क्षमता पहिचान गरी खेलकुदमा प्रोत्साहनका खातिर गाउँपालिका स्तरीय विभिन्न खेलकुद कार्यक्रमहरु, तालिम कार्यक्रम, कक्षा ८ देखी कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागि. अतिरिक्त कक्षा सञ्चालन, संघिय सरकारबाट तोकिएको दिवाखाजा कार्यक्रमका लागि प्रति विद्यार्थी रु १५ का दरले आउने रकममा थप गरी प्रति विद्यार्थी रु २० पुर्याउने, बाल विकास बसाई व्यवस्थापन, विद्यार्थीहरुका लागि स्टेशनरी तथा पोशाक वितरण, विद्यालय स्काउट सहयोग कार्यक्रम, उच्च शिक्षा अध्ययन छात्रवृत्ति, थप प्र अ भत्ताको व्यवस्था, विद्यालयहरुलाई शैक्षिक सामाग्री, खेदकुद तथा विभिन्न अनुदान, लगायत थुप्रै महत्वपुर्ण कार्यक्रमहरु समेटिएको छ ।

विशेष गरी कार्यक्रम कार्यान्वयनकर्ताबाट यस पुस्तिकाका अतिरिक्त प्रचलित ऐन कानुनको परिधिभित्र रही औचित्यता, नियमितता, कार्यदक्षता, प्रभावकारीता र पारदर्शिताको आधारमा चालु वर्षको कार्यक्रम कार्यान्वयन गरिनेछ । अन्तयमा यस पुस्तिकाका विषयमा प्राप्त हुने सुझावहरुले उत्तरगया गाउँपालिकालाई आगामि दिनका लागि थप पृष्ठपोषण प्रदान गर्ने हुनाले सरोकारवालाहरुबाट रचनात्मक सुझावको अपेक्षा राख्दै पुस्तिका तयार पार्ने कार्यमा सहयोग पुर्याउनुहुने सबैलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।

श्रावण २०८१

दिपक प्रसाद अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

## स्थानीय तह र यस अन्तर्गतका संस्था/समिति/शाखा/इकाई/केन्द्रहरुबाट सम्पादन हुने समानिकरण अनुदानका कार्यक्रम शिर्षक तथा कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड

१) बालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी, सामुदायिक सिकाइ केन्द्र परिचालक प्रोत्साहन अनुदान

उत्तरगया गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत प्रत्येक वालविकास सहजकर्ता र विद्यालय सहयोगी कर्मचारीहरुका लागि महिनाको रु ७००० का दरले १२ महिनाको तलब र १ महिना बराबरको चाडपर्व खर्चबापतको रकम मागका आधारमा विद्यालयको खातामा निकासा दिने । यसै शिर्षकबाट माध्यमिक तहका विद्यालय लेखा कर्मचारीहरुलाई प्रति महिना रु ६५०० र चाडबाड खर्च बापत बार्षिक रु ६५०० नै थप गरि विद्यालयको खातामा निकासा दिने । सामुदायिक सिकाइ केन्द्रका ३ जना सामाजिक परिचालिकाहरुका लागि मासिक रु ५००० का दरले १२ महिना बराबरको रकम र चाडबाड खर्च बापत रु ५००० सामुदायिक सिकाइ केन्द्रको खातामा निकासा दिने । यसरी निकासा दिनुपुर्व विद्यालयले नीजहरुको हाजिरी प्रमाणित गर्नुपर्नेछ ।

२) विद्यालय शिक्षक नियुक्ति

सामुदायिक विद्यालयमा करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा ऐन, नियमावली बमोजिमको शिक्षक छनौट समिति, सहयोगि कर्मचारी लगायत छनौट प्रक्रियामा संलग्न व्यक्तिलाई विज्ञापन बमोजिमको शिक्षक छनौट प्रक्रियामा आवश्यक कार्य गरेबापत एकमुष्ट (परीक्षा पूर्वका कार्य, परीक्षा संचालन, छनौट र सिफारिस सम्म) तपसिल अनुसारको पारिश्रमिक/भत्तामा खर्च गर्न सकिने छ ।साथै सोही प्रक्रियाका लागि खाना/खाजा र आवश्यक स्टेशनरीमा समेंत खर्च गर्न बाधा पर्ने छैन।

तपसिल :

| क्र स | पदाधिकारी | माध्यमिक तह (९-१२) | आधारभूत तह (६-८) | आधारभूत तह (१-५) | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षा शाखा प्रमुख | रु ५००० | रु ४००० | रु ३००० | |
| २ | विषय विज्ञ | रु ५००० | रु ४००० | रु ३००० | |
| ३ | शाखा कर्मचारी | रु २००० | रु २००० | रु २००० | |
| ४ | कार्यालय सहयोगी | रु १००० | रु १००० | रु १००० | |

३) सुत्केरी, लामो समयको बिरामी, अध्ययन बिदा, योग्यता पुगेका शिक्षकको अभाव आदिमा सट्टा शिक्षकको व्यवस्था

अ) कुनै शिक्षक (स्थायी, स्विकृत दरबन्दी करार, राहत, संघ/प्रदेश/स्थानीय तहको शिक्षण सहयोग अनुदान) र बालविकास सहजकर्ता सुत्केरी विदामा बसेको प्रमाणित भएमा, मेडिकल बोर्डबाट सिफारीस भएको वा डाक्टरले ४५ दिन वा सो भन्दा बढी आराम गर्नुपर्ने भनि बिरामी विदा प्रमाणित भएको कागज सँगै विद्यालयको सिफारिस आएमा र रिक्त दरबन्दीमा योग्यता पुगेको शिक्षकको अभावका कारण अध्ययन अध्यापनमा समस्या देखिएमा विद्यालयको मागको आधारमा सम्बन्धित तहमा अध्यापन गर्न प्रारम्भिक बाल विकास तहको हकमा SEE उतिर्ण, आधारभुत तहको हकमा एस.एल.सि. वा सो सरह उतिर्ण र माध्यमिक तह ( ९ र १० ) को हकमा स्नातक तह उतिर्ण, १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका नेपाली नागरिकहरुलाई सकभर विषय समेत मिल्ने गरी स्वयंसेवक शिक्षकको रुपमा नियुक्ति गरिने छ । सट्टा शिक्षक छनौट देहायबमोजिम हुनेछ :

क) तोकिएको न्युनतम योग्यता र तोकिएको न्युनतम भन्दा माथिल्लो योग्यताको आधार

ख) सम्बन्धित विषयका आधार

ग) सम्बन्धित वडावासीलाई प्राथमिकता

आ) गाउँपालिकाले योग्यता पुगेका नेपाली नागरिकका लागि सट्टा शिक्षकमा काम गर्ने अवसरका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ र छनौट पश्चात् गाउँपालिकाले नियुक्ति दिनेछ । नियुक्त शिक्षकको पारिश्रमिक बापत माध्यमिक तहको हकमा मासिक रु.३५०००, आधारभुत तहको हकमा मासिक रु.२५००० र वालविकास सहजकर्तालाई मासिक रु.१५००० प्रदान गरिने छ । नियुक्त गर्दा करार अवधि कम्तिमा २ महिना तोकिने छ आवश्यकता भएमा करार अवधि थप गर्न सकिने छ ।

**स्पष्टिकरण :** रिक्त दरबन्दीमा योग्यता पुगेको शिक्षकको अभावका कारण अध्ययन अध्यापनमा समस्या देखिएमा भन्नाले एउटै तह र विषयमा गरिएको विज्ञापनमा कम्तिमा ३ पटकसम्म सूचना प्रकाशन गर्दा समेत दरखास्त नपरेको अवस्थालाई बुझाउँछ ।

४) शिक्षक शिक्षण सहयोग अनुदान

उत्तरगया गाउँपालिका गाउँ शिक्षा समितिले, विद्यालयको माग निवेदनमा, शिक्षा शाखाको सिफारिसका आंधारमा न्युन दरबन्दी भएका विद्यालयहरुलाई थप शिक्षक नियुक्तिका लागि अनुमति प्रदान गरी सम्बन्धित तहमा अध्यापन गर्न आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता पुगेका (स्थायी अध्यापन अनुमति पत्र भएको उम्मेदवारबाट १५ दिनको सार्वजनिक सूचना सहितको पहिलो विज्ञापनमा दरखास्त नपरेमा पुन : ७ दिनको म्याद राखी गरिएको दोस्रो विज्ञापनमा स्थायी अध्यापन अनुमति

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पत्र नभएका तर न्युनतम योग्यता पुगेका उम्मेदवारहरुको समेत दरखास्त स्वीकृत हुने गरी ) गाउँपालिका अनुदान शिक्षक नियुक्ति गरी शिक्षण सिकाइ गर्न/गराउन यस शिर्षकबाट खर्च गर्न सकिने छ । यस अघि गाउँपालिका शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकहरु र थप आवश्यक संख्यामा प्राथमिक शिक्षकको हकमा प्रति महिना रु,२८६१०, निम्नमाध्यमिक तहको हकमा प्रतिमहिना ३०२०० र माध्यमिक तहको हकमा प्रतिमहिना रु, ३५९९० पारिश्रमिक पाउने गरी र सोहि स्केल बराबरको १ महिनाको रकम चाडबाड खर्च समेत गाउँपालिकाले यसै शिर्षकबाट सम्बन्धित विद्यालयको खातामा रकम निकासा गर्ने । यसरी नियुक्ति लिई अध्यापनरत शिक्षकलाई पोशाक खर्चबापत वार्षिक रु,१०००० प्रति शिक्षक विद्यालयको खातामा अनुदान दिन सकिने छ ।

५) थप प्र.अ. भत्ताको व्यवस्था

यस उत्तरगया गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई प्रोत्साहन भत्ता स्वरुप मासिक देहायबमोजिमको रकम विद्यालयको खातामा अनुदान उपलब्ध गराउनुपर्ने छ :

माध्यमिक तहको प्रधानाध्यापक – रु ५००

निम्न माध्यमिक तहको प्रधानाध्यापक – रु. ३००

प्राथमिक तहको प्रधानाध्यापक – रु २००

६) प्र. अ. विभिन्न समिति बैठक भत्ता तथा खाजा र अतिथि सत्कार

गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुको प्रधानाध्यापक बैठक १ वर्षमा बढीमा १२ वटाको र अन्य गाउँशिक्षा समिति लगायतको शाखा सँग सम्बन्धित समितिहरुको बैठक भत्ता नियमानुसार भुक्तानी गर्ने साथै बैठकको खाजाको बिल बराबरको रकम नियमानुसार भुक्तानी दिने । शिक्षा शाखा सम्बन्धी काम र भेटघाटमा आउनुभएका अतिथिहरुका लागि खाना/खाजामा समेत यसै शिर्षकबाट खर्च गर्न सकिने छ ।

७) वडा नं १ र २ अन्तर्गतका करुमर्याङ आ वि, तिरु आ वि, गणेश आ वि र पञ्चलिङ्गे आ वि मा कार्यरत सम्बन्धित वडा बाहिरका शिक्षकहरुलाई प्रोत्साहन अनुदान

उत्तरगया गाउँपालिकाको वडा नं १ र वडा नं २ का करुमर्याङ आ वि, तिरु आ वि, गणेश आ वि र पञ्चलिङ्गे आ वि मा कार्यरत, विद्यालय भएको वडा बाहिरका शिक्षकहरुलाई मासिक रु ४००० का दरले १३ महिना बराबरको रकम विद्यालयको खातामा निकासा दिने । यस्तो निकासा दिनुपुर्व विद्यालयमा अध्यापन गराउने शिक्षक स्थायी, स्विकृत दरवन्दी करार, राहत वा अनुदान कोटामा कार्यरत भएको वा अरु विद्यालयमा माथि उल्लेखित प्रकृतिको दरबन्दी भई यस क्षेत्रभित्रका

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा, रसुवा बागमती प्रदेश नेपाल

विद्यालयमा कामकाज खटिएको प्रमाणित कागजात र विद्यालय रहेको वडा बहिरको स्थायी बसोबास भएको खुल्ने कागजात रुजु गर्नुपर्नेछ ।

८) शैक्षिक क्यालेण्डर निर्माण

हरेक शैक्षिक वर्षको अन्त्य र नया शैक्षिक वर्षको सुरुवाति सँगै सम्पुर्ण विद्यालयहरुले आ-आफ्ना वार्षिक कार्यतालिका निर्माण गर्दा परीक्षा, अतिरिक्त क्रियालाप, बिभिन्न प्रकारका बैठक वर्षे/हिउँदे विदा लगायतमा एकरुपता कायम गर्न तथा गाँउपालिकाले आयोजना गर्ने विभिन्न शैक्षिक कार्याक्रमहरु तथा अतिरिक्त क्रियाकलापहरु लगायतको जानाकारी र प्रभावकारी शैक्षिक कार्यक्रम कार्यान्वयन गर्न शैक्षिक वर्षको अन्त्यसम्ममा शैक्षिक क्यालेण्डर निर्माण गरी वितरण गर्ने ।कम्तिमा ५०० क्यालेण्डर छपाई र सो कार्यका लागि लेखन तथा तयारीका देखी वितरण सम्मका कार्यमा यस शिर्षकमा भएको रकम खर्च गर्न सकिने छ ।

९) खेलकुद प्रशिक्षण कार्यक्रम र खेलसामाग्री व्यवस्थापन कार्यक्रम

गाउँपालिकास्तरमा विभिन्न खेलकुदको विकास गरी स्थानीय खेलाडीहरुलाई विभिन्न प्रतियोगितात्मक कार्यक्रममा सहभागी हुन सक्षम खेलाडी उत्पादन गर्ने हेतुले वडागत रुपमा विभिन्न विद्याका खेल प्रशिक्षकहरु प्रचलित कानुन बमोजिमका मापदण्डको आधारमा नियुक्त गर्ने । वडा खेलकुद समितिको सिफारिस र सम्बन्धित वडा अन्तर्गतका युवा क्लव, डोजाङ लगायतका माग प्रस्तावका आधारमा खेलकुद सामाग्री खरिद गरी वितरण गर्न सकिने छ ।यसै शिर्षकबाट खेलकुद सम्बन्धी कार्यक्रमहरु गाउँपालिकाको निर्णयबमोजिम गर्न समेत सकिने छ ।

१० स्थानीय पाठ्यपुस्तक निर्माण

कक्षा १-८ सम्म स्थानीय विषयको अध्ययन अध्यापन गराउनुपर्ने राष्ट्रिय पाठ्यक्रम प्रारुपको अबधारणा अनुरुप यस गाउँपालिकामा स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आइसकेको छ। उक्त पाठ्यक्रम बमोजिमका विषयक्षेत्रहरुमा आधारित रही गाउँपालिकाले कक्षागत रुपमा कक्षा (१-८) को पाठ्यपुस्तक लेखन,सम्पादन तथा छपाई वितरण गर्न यस शिर्षकबाट खर्च गर्न सकिने छ ।

११ उत्कृष्ट खेलाडी तथा प्रशिक्षक सम्मान

यस शिर्षकबाट गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा उत्तरगया गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा उपाधी प्राप्त गरेका उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुका लागि सम्मान कार्यक्रम तथा व्यवस्थापनमा लाग्ने खर्च गर्न सकिने छ ।गाउँपालिका खेलकुद विकास समितिले सिफारिस गर्दा सिफारिस गर्नुको स्पष्ट कारण सहितको निर्णय प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

उत्तरगया गाउँपालिका
गाउँपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

१२) गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप

विद्यालय र विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्ने अवसरका लागि प्रधानाध्यापकहरुको बैठकबाट निर्णय गराई निर्णय भएबमोजिम गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप उपयुक्त समयमा संचालन, व्यवस्थापन र पुरस्कार वितरण लगायतका कार्यमा विनियोजित बजेट खर्च गर्ने ।

१३) सहपाठी शिक्षण कार्यक्रम "शिक्षक हुनुहुन्छ र पनि हप्तामा एक दिन म पनि

यस शिर्षक अन्तर्गतको बजेटबाट उत्तरगया गाउँपालिकाभित्रका कम्तिमा कक्षा ८ सम्म सञ्चालित सामुदायिक विद्यालयहरुमध्ये गाउँ शिक्षा समितिको निर्णय अनुसार नमुनाको रुपमा कुनै एउटा विद्यालय छनौट गरी सो विद्यालयका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुबाट क्रमैसंग हप्तामा १ दिन नमुना शिक्षकको रुपमा योजनावद्ध तवरले अंग्रेजी र गणित गरी २ विषयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने । नमुना शिक्षकलाई विषय शिक्षकले आवश्यक सहयोग गर्ने तर सो विषयको कक्षाको पुर्ण समय शिक्षकको रुपमा विद्यार्थी नै रहने । यस शिर्षकबाट खर्च गर्दा नमुना शिक्षकको रुपमा सहजिकरण गर्ने विद्यार्थीहरुको अभिलेख बमोजिम कक्षा क्रियाकलापलाई योजनावद्ध बनाउन आवश्यक दैनिक पाठ योजना (manual/slide) निर्माणका लागि आवश्यक सामाग्री बापत प्रति पिरियड प्रति नमुना शिक्षक रु २०० का दरले भरपाई गरी नमुना शिक्षक (विद्यार्थी) लाई उपलब्ध गराउने र उक्त कार्यको प्रभावकारीता अनुगमन र पृष्ठपोषणमा संलग्न पदाधिकारीहरुको खाना/खाजा र यातायातमा खर्च गर्न सकिने छ ।सम्बन्धित विद्यालयले यस कार्यको मासिक अभिलेख प्रधानाध्यापकबाट प्रमाणित गराई गाउँपालिकामा अनिवार्य पेश गर्नुपर्नेछ।

१४) राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन

स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा सञ्चालन समितिको निर्णय बमोजिम गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको कार्यतालिका निर्माण गर्ने र सो बमोजिम प्रतियोगितात्मक कार्यक्रमहरु तयारी, संचालन, व्यवस्थापन, पुरस्कार तथा शिल्ड, कप, मेडल, प्रमाणपत्र आदि वितरण लगायतका कार्यमा खर्च गर्नुपर्नेछ ।साथै जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छनौट भएका खेलाडीहरुलाई जिल्ला खेलकुद विकास समिति रसुवाले तोकेको मितिमा हुने खेलकुद प्रतियोगितामा सहभागी हुँदा लाग्ने खर्च जस्तै आतेजाते, होटलबास, युनिफर्म, खाना/खाजा, आवश्यक स्वास्थ्य सामाग्री तथा खेलकुद सामाग्री लगायतमा खर्च गर्न सकिने छ ।

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, रसुवा, नेपाल
२०७३

१५) विद्यालय स्काउट कार्यक्रम

गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्यालय स्काउट ट्रुप निर्माण भएका विद्यालयहरुलाई (कम्तिमा कक्षा ८ सम्म सञ्चालित) विद्यालयबाट पेश भएको प्रस्तावना र विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यालय कम्तिमा रु ३०००० देखि बढीमा प्रति विद्यालय रु ७०००० सम्म हुने गरी विद्यालय स्काउटलाई आवश्यक तालिम कार्यक्रम र स्काउट प्रवर्धनात्मक गतिविधिहरु संचालन गर्न सम्बन्धित विद्यालयको खातामा अनुदान दिने ।प्राप्त रकमको खर्च विल भरपाई र प्रतिवेदन विद्यालयले गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने ।

१६) शिक्षक क्षमता विकास तालिम

यस शिर्षक अन्तर्गत रहेको बजेटबाट उत्तरगया गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुका आधारभुत तह कक्षा १-३ मा अध्यापन गराउने शिक्षकलाई अंग्रेजी भाषा शिक्षण सम्बन्धी तालिम तथा जिन्सी र लेखा व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम (प्रत्येक विद्यालयका प्र अ तथा लेखा राख्ने कर्मचारीलाई) तालिम संचालन गर्न आवश्यक प्रशिक्षक भत्ता, सहभागि भत्ता, स्टेशनरी,खाजा, खानावास लगायतका प्रयोजनमा खर्च गर्ने ।यसरी तालिम पश्चातको सिकाईलाई सम्पुर्ण शिक्षकसामु पुर्याउन विद्यालय शिक्षक स्टाफ बैठक वसी बैठक पुस्तिकामा छलफल सहित तालिममा सिकिएको ज्ञान सिप सम्पुर्ण शिक्षकहरुबीच आदान-प्रदान गरेको
निर्णय भएको सुनिश्चित गराउने ।

१७) विद्यालय नक्सांकन

विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड,२०८० अनुसार गठन भएको पालिकास्तरीय पूर्वाधार समितिको नेतृत्वमा विद्यालय सर्वेक्षण एवंम् नक्साङ्कनका लागि यस शिर्षकमा रहेको बजेट खर्च गर्न सकिनेछ ।

१८) उत्कृष्ट विद्यार्थी, शिक्षक र अभिभावक सम्मान

विद्यालय तथा समाजमा सकारात्मक प्रतिस्पर्धाको भावना विकास गरी शैक्षिक गुणस्तर सुदृढीकरण गर्न कक्षा ८,१० र १२ को अन्तिम परीक्षामा उत्कृष्ठ अंक ल्याउने विद्यार्थी, शिक्षक तथा शैक्षिक गुणस्तर सुधारमा महत्वपूर्ण योगदान पुर्याउने अभिभावकलाई विभिन्न सूचक तथा मापदण्ड तयार गरी पुरस्कृत तथा सम्मान गर्न यस शिर्षकमा विनियोजित बजेट खर्च गर्न सकिनेछ ।

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

१९) अभिभावक शिक्षा कार्यक्रम

विद्यालयमा समाजको अपनत्व कायम गरी विद्यालय समाजकै लागि हो भन्ने भावनाको विकास गर्न। आफ्ना बालबालिकालाई विद्यालय पठाउने मात्रै नभई घरको वातावरण पनी सिकाई अनुकुल बनाउनका साथै विविध क्षमता विकासको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।उक्त अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक प्रशिक्षक भत्ता, सहभागि भत्ता, स्टेशनरी,खाजा, खानावास लगायतका प्रयोजनमा शिर्षकमा विनियोजित बजेट खर्च गर्ने सकिनेछ ।

२०) विविध (मेसेनरी तथा ओजार समेत)

शाखामा भैपरी आउने अन्य समस्या अर्थात कुनै शिर्षकबाट बजेट खर्च गर्न कठिन हुने तर खर्च नगरी नहुने ठहरीएमा वा कार्यक्रम कार्यान्वयनमा केहि रकम अपुग हुनगई सम्पन्न गर्न कठिनाई भएमा यस शिर्षकबाट खर्च गर्न सकिने छ ।

२१) विद्यालय सहयोगी अभिमुखिकरण

गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका सहयोगी कर्मचारीको क्षमता विकासकोलागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने प्रशिक्षक लगायत आवश्यक प्रशिक्षक भत्ता, सहभागि भत्ता, स्टेशनरी,खाजा, खानावास लगायतका प्रयोजनमा खर्च गर्न सकिनेछ ।

२२) उच्च शिक्षा अध्ययन छात्रवृत्ति

उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०८० बमोजिम हुनेछ ।

२३) कक्षा ८ को गाउँपालिका स्तरिय परीक्षा व्यवस्थापन

गाउँपालिकाले आधारभुत तह कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापनका लागि परीक्षा समिति बैठक, प्रश्नपत्र निर्माण, छपाई, केन्द्राध्यक्ष तथा निरिक्षकहरुका लागि भत्ता, परीक्षाको अनुगमन, अंक टेबुलेसन, नतिजा प्रकाशन र अभिलेखिकरण, कक्षा ८ का विद्यार्थीहरुका लागि प्रमाणपत्र छपाई तथा वितरण लगायतका कार्यमा खर्च गर्ने ।

२४) कक्षा ८, ९ र १० का विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा

उत्तरगया गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा ८, ९ र १० का विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न प्रति विद्यार्थी प्रति विषय मासिक रु ३०० का दरले बढीमा ३ विषयका लागि ३ महिना सम्मको आवश्यक रकम विद्यालयको खातामा उपलब्ध गराउने। विद्यालयले शिक्षक स्टाफ सहितको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयका आधारमा आवश्यक विषय छनौट गरी प्रति विषय कम्तिमा १ घन्टाको दरले प्रति महिना २६ दिन

उत्तरगया गाउँपालिका कार्यपालिकाको कार्यालय लहरेपौवा, रसुवा बागमती प्रदेश नेपाल २०७३

अतिरिक्त कक्षा सञ्चालन भएको सुनिश्चित गर्ने ।विद्यालयले आवश्यक मूल्याङ्कनको साधन प्रयोग गरी विद्यार्थीको मासिक सिकाइ उपलब्धी (पछिल्लो महिनामा अघिल्लो महिनाको उपलब्धीसँग तुलना गरी), अतिरिक्त कक्षामा संलग्न शिक्षक विद्यार्थीको हाजिरी विवरण प्रमाणित गरी गाउँपालिकामा पेश गरेको मासिक मागका आधारमा गाउँपालिकाले विद्यालयलाई रकम निकासा दिने। इमिस अभिलेखमा कक्षा ८, ९ र १० को विद्यार्थी विवरण बमोजिम भन्दा माथिको रकम विद्यालयमा निकासा हुने छैन।

२५) दिवा खाजा थप अनुदान

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा संघिय सरकारबाट दिवा खाजा प्राप्त गरिरहेका विद्यार्थीहरुका लागि प्रति विद्यार्थी प्रति दिन रु ५ का दरले हुन आउने रकम विद्यालयहरुको माग र प्रमाणित विद्यार्थी हाजिरीका आधारमा विद्यालयको खातामा यस शिर्षकबाट आवश्यक रकम उपलब्ध गराउने ।

२६) प्रत्येक शिक्षकहरुलाई दैनिक कार्ययोजना टिपोट र कार्यन्वयन डायरी वितरण

गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन गराउने सम्पुर्ण शिक्षकहरुका लागि दैनिक कार्ययोजना/पाठयोजना सहितको ढाँचा भएको डायरी छपाई गरी वितरण गर्ने कार्यमा खर्च गर्नुपर्नेछ ।

२७) विद्यालयहरुलाई शैक्षिक / खेलकुद सामाग्री तथा मसलन्द थप अनुदान (संघीय मसलन्द बराबर)

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई आधारभुत तह (१-५) संचालित भए रु १५०००, आधारभुत तह (१-८) संचालित भए रु २०००० र माध्यमिक तह(९-१०) संचालित भए रु २५००० र माध्यमिक तह कक्षा ११-१२ सम्म सञ्चालित विद्यालयहरुलाई रु ३०००० का दरले अनुदान उपलब्ध गराउने । यस शिर्षकको रकमलाई विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय गरी आवश्यक शैक्षिक तथा खेल सामाग्री, समान्य फर्निचर, ICT सामाग्री मर्मत वा व्यवस्थापनमा खर्च गर्न सक्नेछन ।

२८) युवा क्लबहरुलाई सचेतीकरण कार्यक्रम

गाउँपालिकामा दर्ता भएका विभिन्न युवा क्लवहरुका सदस्यहरु वातावरण सरक्षण विपत व्यवस्थापन तथा सामाजिक विकृति निराकरणको लागि जनचेतना दिनको लागि सक्षम बनाउन युवाहरुमा स्वयसेवी भावनाको विकासको गराउन युवाक्लबहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक छ उक्त कार्यक्रम सञ्चालन गर्दा आवश्यक प्रशिक्षक खाना खाजा स्टेसनरी तथा आतेजाते लगायतका शिर्षकमा खर्च गर्न सकिनेछ ।

२९) शिक्षक क्षमता प्रदर्शन

गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको अन्तर्निहित प्रतिभा प्रष्फुटन गर्ने वातावरण तयार गरी फरक-फरक क्षमता प्रदर्शनी कार्यक्रमं सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक पर्ने रकम यस शिर्षकबाट खर्च गर्न सकिनेछ ।

३०) विद्यालयमा कम्प्युटर तथा विद्युतिय सामाग्री मर्मत तथा खरिद कार्यक्रम

विद्यालयको माग र आवश्यकता बमोजिमको माग एकिन गरी विद्यालयमा कम्प्युटर तथा विद्युतिय सामाग्री मर्मत तथा खरिद गर्नको लागि यस शिर्षकबाट आवश्यक रकम खर्च गर्न सकिने छ ।

३१) संघीय सशर्त तर्फका कार्यक्रमहरुमा साझेदारी (जस्तै विव्यस अध्यक्ष क्षमता विकास तालिम, विभिन्न छात्रवृत्ति आदि)

संघीय सशर्त अनुदान तर्फका विव्यस अध्यक्ष क्षमता विकास तालिम तथा अन्य विभिन्न कार्यक्रम छात्रवृत्ति आदि) कार्यक्रमहरुमा खाना, खाजा, आँवास तथा प्रशिक्षक प्रशिक्षण खर्चमा आवश्यकतानुसार यस शिर्षकमा विनियोजित रकमबाट साझेदारी गरिनेछ ।

३२) नीलकण्ठ माध्यमिक विद्यालयमा बस सेवा सञ्चालन व्यवस्थापन

बागमति प्रदेश सरकारको आर्थिक सहयोगमा नीलकण्ठ माध्यमिक विद्यालयमा सञ्चालन भएको बस सेवाको लागि यस गाउँपालिकाबाट सञ्चालन खर्च व्यहोर्ने गरी बजेट विनियोजन भएकोले उक्त बस सेवा सञ्चालन तथा मेन्टेनेसनको खर्च तथा चालकको पारिश्रमिकबापतको रकम नियमानुसार यस शिर्षकबाट खर्च गर्न सकिनेछ ।

३३) जुडो खेल व्यवस्थापन वडा नं. ५

३४) **Book Free Friday** कार्यक्रमः